नेपाल सरकार

# प्रदेश प्रमुखको कार्यालय

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर

**संविधान दिवस तथा राष्ट्रिय दिवस २०७५ का अवसरमा प्रदेश नंका माननीय प्रदेश प्रमुख अनुराधा ३. कोइरालाज्यूले दिनु भएको शुभकामना सन्देश**

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागी नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र वलिदानको प्रतिफल स्वरुप ऐतिहासिक संविधानसभा मार्फत नेपालको संविधान प्राप्त गरेका छौं ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधान सभाबाट पारित बर्तमान संविधानले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजबाद उन्मुख, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा परिभाषित गरी सोही बमोजिमको अभ्यासमा हामी क्रियाशील रहेका छौं ।

संविधानको मर्म वमोजिम नै प्रदेश प्रमुख, प्रदेश संसद, प्रदेश सरकार गठन भई हामी यसको अभ्यासको शुरुवाती प्रकृयामा रहेका छौ । यस अवधीमा प्रदेश संसदबाट पारित भई पेश भएका १३ वटा विधेयकहरु प्रमाणीकरण भईसकेको छ ।

संविधानले परिकल्पना गरेको समाजबाद उन्मुख अर्थतन्त्र, सामाजिक न्यायमा आधारित समतामूलक समाजको लागि यस प्रदेशमा रहेको अथाह प्राकृतिक स्रोतसाधन, पूर्वाधार, पर्यटन, सांस्कृतिक सम्पदा र विविधता तथा मानवस्रोतको भरपुर उपयोग गरी यस प्रदेशलाई समृद्ध बनाउन सक्दछौं भन्ने मैले विश्वास लिएको छु । आपसी विश्वास, भाइचारा, सहिष्णुता, मेलमिलाप आदिद्धारा सुखी नेपाली र समृद्ध नेपालको आधार यस प्रदेशवाट दिन सक्दछौं ।

अन्त्यमा, संविधान दिवसको यस चौंथो वार्षिक अवसरको सुखद घडीमा संविधानले परिकल्पना गरेको महान लक्ष्य, लोकतन्त्रको जगेर्ना र राष्ट्रिय हित, एकता र समृद्धितर्फ मन, बचन र कर्मले दत्तचित्त भई लाग्न यस प्रदेशका सम्पूर्ण राजनैतिक दलहरु र दिदीवहिनी, दाजुभाईहरुमा शुभेक्षा प्रकट गर्दछु ।

अनुराधा कोइराला
प्रदेश प्रमुख
मिति २०७५।०६।०३

नतिजामुखी प्रशासनः समृद्दि र सुशासन

टेलिफोनः ०५७ ५२५६५९, ५२४९६९ फ्याक्स नं. ०५७ ५२५६५९

ईमेलः ocpno3@gmail.com, वेभसाईटः www.ocs.p3.gov.np